# PRATIWEDAN 2016

## भोजपुर सेवा समाज, बेलायत

१७ सेप्टेम्बर २०१६ शनिवार ।

आदरणीय अध्यक्षज्यू, संस्थापक अध्यक्षज्यू, मुख्य अतिथिज्यू, कार्यसमितिका प्रमुख सल्लाहकारज्यू, सल्लाहकारज्यूहरू, आजीवन सदस्यज्यूहरू, साधारण सदस्यज्यूहरू तथा कार्य समितिका पदाधिकारीज्यूहरू एवम् सदस्यज्यूहरू साथै यस कार्यक्रममा उपस्थित हुनु भई कार्यक्रमको शोभा बढाइदिनु हुने मेरा आदरणीय आमा बाबाज्यूहरू, दाजुभाइ तथा दिदी बहिनीहरूमा हार्दिक अभिवादन टक्र्याउन चाहन्छु ।

भोजपुर जिल्लाको छोटो परिचय दिनु पर्दा भोजपुर जिल्ला नेपालको ५ विकास क्षेत्रमध्ये पूर्वाञ्चल विकास क्षेत्रको कोशी अञ्चलमा पर्ने मध्यपहाडी जिल्ला हो । यस जिल्लाको पूर्वमा धनकुटा र संखुवासभा जिल्ला पर्दछ भने पश्चिममा खोटाङ जिल्लाको सिमानामा जोडिन पुगेको छ । उत्तरतर्फ सोलुखुम्बु जिल्लाको केही भेग गाँसिन पुगेको छ भने दक्षिणतर्फ उदयपुर जिल्लासँग मितेरी गाँस्न पुगेको छ । यस जिल्लाको पूर्व-पश्चिम क्षेत्रफल सरदर १५०७ वर्ग कि.मि. रहेको छ । भनिन्छ, यस जिल्लाको पुरानो नाम 'सिद्धपुर' थियो जुन जिल्लाकै प्रसिद्ध धार्मिकस्थल सिद्धकालीको नाउँबाट यसको नामाकरण भएको हुनसक्दछ । पृथ्वीनारायण शाहले माँझ किरात विजय गर्दै आउँदा यस ठाउँलाई जितेपछि खुशियालीमा ठूलो भोज खाएको हुनाले यसको नाम सिद्धपुरबाट 'भोजपुर' रहन गएको हो भन्ने किम्वदन्ती पनि छ । साथै ऐतिहासिक, भौगोलिक, सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक हरेक क्षेत्रमा यो जिल्ला पनि अरु छिमेकी जिल्लाहरू जस्तै अगाडि बढेको देखिन्छ ।

आदरणीय उपस्थित दाजुभाइ तथा दिदीबहिनीहरू, यस भोजपुर सेवा समाज, बेलायत तथा भोजपुर जिल्लाको लागि निवर्तमान कार्य समितिले शुरु गरेको अपरिहार्य कार्यक्रमहरूलाई निरन्तरताका साथ सञ्चालन गर्दै आइरहेको यहाहरूलाई जानकारी नै छ । अब म यहाँहरू समक्ष एक वर्ष कार्य अवधि (२५ जुलाई २०१५ देखि १६ सेप्टेम्बर २०१६) सम्मको कार्य प्रतिवेदन पेश गर्न अनुमति चाहन्छु ।

भोजपुर सेवा समाज, बेलायतको १६ अगस्ट २०१४ शनिबारका दिन Hawking Commuity Centre, Kent मा सम्पन्न भएको तेस्रो अधिवेशनमा बनेको कार्य समितिमा समितिका केही पदाधिकारीज्यूहरू तथा सदस्यज्यूहरूको आफ्नै व्यक्तिगत काम विशेषको कारणले गर्दा

राजिनामा दिनु भएकोले कार्य समतिमा केही परिवर्तन आएको यहाँहरूलाई जानकारी दिन चाहन्छु । साथै हालको नयाँ कार्यसमिति निम्नानुसार भएको पनि अवगत गराउँदछु:

अध्यक्ष - श्री देवेन्द्र कुमार राई

उपाध्यक्ष - श्री सुदेश कुमार राई

उपाध्यक्ष - श्री सुवर्ण ताम्राकार

सचिव - श्रीमती बिमला कुमारी राई

कोषाध्यक्ष - श्री रोम प्रसाद राई

सहसचिव - श्री चन्द्र घले गुरुङ्

सहकोषाध्यक्ष - श्रीमती विष्णु कुलुङ्ग

सदस्यहरू - श्री जितेन्द्र अधिकारी, श्री राम गुरुङ् (ट्विन), श्री भक्त बहादुर राई, श्री राम कुमार लामा, श्री डिल्लीशेर राई, श्री मान बहादुर राई, श्री धर्मेन्द्र परियार, श्री उमा राज तामाङ्, श्री बिर चन्द्र राई, श्री गंगा राज राई, श्रीमती निता राई, श्री प्रेम राज राई, श्री दिलिप हिराङ राई, श्री बिकाश राई, श्री महा प्रसाद राई, सुश्री रोमिया राई, श्री प्रेम बहादुर राई, श्री देवी कुमार र्रा, श्री दिप बहादुर राई तथा श्री सन्तोष राई ।

अध्यक्ष महोदय, भोजपुर सेवा समाज, बेलायतको विधान अनुसार वर्षमा तीन पटक बैठक बस्नु पर्ने प्रावधान अनुसार यस कार्य समितिको दोस्रो वर्षको पहिलो बैठक २६ सेप्टेम्बर २०१५ आइतबारको दिन अल्डरसोड स्थित गोर्खा भिल्ला रेस्टुरेण्टमा बसेको थियो । दोस्रो वर्षको दोस्रो बैठक २३ जनवरी २०१६ शनिवारको दिन नर्थहल्ट स्थित नर्थहल्ट भिलेजमा बसेको थियो । यसैगरी यस कार्य समतिको दोस्रो वर्षको तेस्रो तथा अन्तिम बैठक ८ मे २०१६ आइतबारको दिन नर्थहल्ट स्थित नर्थहल्ट भिलेजमा बसेको थियो । एक वर्षमा तीनवटा बैठकहरू बसेको बाहेक २५ जुलाई २०१५ शनिवारको दिन गेम्बल लेन रिप्ले वकिङ्ग स्थित किरात राई हाउसमा वार्षिक साधारण सभा तथा समर गेट टुगेटर कार्यक्रम धुमधामका साथ मनाइयो । उक्त दिन विभिन्न शैक्षिक क्षेत्रमा उत्तिर्ण हुनु भएका विद्यार्थीहरूलाई यस संस्थाले सम्मान गरेको थियो ।

यसैगरी, १६ जुलाई २०१६ शनिवारको दिन गेम्बल लेन रिप्ले वकिङ्ग स्थित किरात राई हाउसमा वार्षिक समर गेट टुगेदर कार्यक्रम मात्र धुमधामका साथ मनाइयो किनभने २५ जुलाई २०१५ को दिन उपस्थित सम्पूर्ण भोजपुर जिल्ला वासीहरूले वार्षिक साधारण सभा तथा समर गेट टुगेदर कार्यक्रम एकै दिन मनाउँदा रमाइलो गर्न न पाएको जिज्ञासा व्यक्त गर्नु भएकोले यस कार्य समितिले वार्षिक साधारण सभा तथा समर गेट टुगेदर कार्यक्रम

अलग अलग दिनमा मनाउनु पर्छ भनी पहिलो बैठक २६ सेप्टेम्बर २०१५ को दिन बैठकमा उपस्थित सर्व सम्मतबाट पारित भएको थियो ।

माथि उल्लेखित गरिएको एक वर्षको अवधिमा यस कार्य समितिले निम्न कार्यहरू गरेका छन्:
१. यस भोजपुर सेवा समाज बेलायतका सचिव श्री राजकुमार तामाङ्गज्यू तथा सदस्य श्री साना शेर्पाज्यूले आफ्नो व्यक्तिगत कारणले गर्दा इमेल मार्फत राजिनामा पठाउनु भएकोले २६ सेप्टेम्बर २०१५ को पहिलो बैठकमा सर्वसम्मतबाट स्वीकृत गरियो । सो रिक्त पदहरुमा सहसचिव श्रीमती बिमला कुमारी राईज्यूलाई सचिव तथा सदस्य श्री चन्द्र घलेज्यूलाई सहसचिवको पदमा बैठकमा उपस्थित सर्वसम्मतबाट नियुक्त गरियो । यसैगरी भोजपुर बिरामी कुरुवा घरको लागि कार्य समितिमा उपाध्यक्ष पदमा सदस्य श्री साना शेर्पाज्यूले राजिनामा दिनु भएकोले उक्त रिक्त पदमा सहकोषाध्यक्ष श्रीमती बिष्णु कुलुङ्गज्यूलाई सर्वसम्मतबाट मनोनित गरियो । साथै नेपालको भूतपूर्व जिल्ला अधिकारी श्री प्रेम बान्तवाज्यूलाई नेपालको लागि सल्लाहकारमा सर्वसम्मबाट नियुक्त गरिएको छ ।

२. भोजपुर बिरामी कुरुवा घर निर्माण तथा पुनर्संरचना गर्नको निम्ति यस कार्य समितिका पूर्व अध्यक्ष तथा वर्तमान सल्लाहकार तथा विरामी कुरुवा घर संयोजक श्री दिलमान राई ज्यूले तयार पार्नु भएको Power Point Presentation कुरुवा घर समितिका सम्पूर्ण सदस्यहरूका साथ सम्पूर्ण भोजपुरेहरूका घना वस्ती भएका क्षेत्रहरूमा उक्त कार्यक्रमको आयोजना गरी विस्तृत जानकारी निम्न मितिहरूमा गराइएको थियो:

| | | |
|---|---|---|
| १. | २९ मार्च २०१६ | Grays |
| २. | २४ अगस्ट २०१६ | Folkestone, Kent |
| ३. | ३१ अगस्ट २०१६ | London |
| ४. | १४ सेप्टेम्बर २०१६ | Ashford |

३. मिति ४ डिसेम्बर २०१५ शुक्रबारको दिन साउट हेरो स्थित चौतारी रेस्टुरेण्टमा नेपालबाट आउनु भएको **'मदन पुरस्कार विजेता'** आख्यानकार साहित्यकार **श्री राजन मुकारुङ्ग राई**ज्यूलाई यस भोजपुर सेवा समाज, बेलायतले उपहार सहित सम्मान गरेको थियो ।

४. भोजपुर जिल्ला देवासाली बस्ने श्री टेक बहादुर घले तथा श्रीमती कुमारी राई घलेज्यूका सुपुत्र श्री अतित घलेको मृगौलाले काम नगरे पछि उपचारको लागि भोजपुर सेवा समाज, बेलायतका इच्छुक सदस्यहरूले केही आर्थिक सहयोग जम्मा गर्नु भएको थियो जुन यसै कार्य समितिको दोस्रो बैठक मिति २३ जनवरी २०१६ शनिवारको दिन नर्थहल्ट स्थित नर्थहल्ट भिलेजमा उहाँको आफन्त भोजपुर सेवा समाज, बेलायतका साधारण सदस्य श्री कृष्ण मणि राईज्यूकी धर्मपत्नी श्रीमती शान्ताकला राईज्यूलाई जम्मा आर्थिक सहयोग £४९१.९२ (चार सय एकानब्बे पाउण्ड बयानब्बे पेन्स) हस्तानतरण गरियो ।

५. अध्यक्ष महोदय, मिति १ मे २०१६ आइतबारको दिन आशफोर्डमा तेक्वान्डो एशोसियशनका अध्यक्ष श्री राष्ट्र राईज्यूले भोजपुर, नेपालबाट आउनु भएकी विश्व अल्ट्रा धावक सुश्री मीरा राईज्यूको लागि विशेष सम्मान कार्यक्रमको आयोजना गर्नु भएको थियो जसमा भोजपुर सेवा समाज, बेलायतलाई पनि आयोजकमा राखिएको थियो । यस भोजपुर सेवा समाज बेलायतका सम्पूर्ण इच्छुक आजीवन सदस्यहरू तथा साधारण सदस्यहरूले पनि आ-आफ्नो इच्छानुसार आर्थिक संकलन गरी उक्त कार्यक्रमको दिन विश्व अल्ट्रा धावक सुश्री मीरा राईज्यूलाई संस्धाका अध्यक्षज्यूद्वारा खादा ओढाई सम्मान गर्नुका साथै £१४०१ (एक हजार चार सय एक पाउण्ड) पनि हस्तानतरण गरियो । यस्तो सुनौलो अवसर जुटाउनुको लागि यसै संस्थाका उपाध्यक्ष श्री सुवर्ण ताम्राकारज्यूले ठूलो मिहिनेत गर्नु भएकोमा म उहाँलाई मेरो हृदयदेखि साथै बेलायतमा बस्नु हुने सम्पूर्ण भोजपुर जिल्लावासीहरूको तर्फबाट पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

६. यस कार्य समितिको दोस्रो वर्षको तेस्रो तथा अन्तिम बैठक ८ मे २०१६ आइतवारको दिन संस्थाको अध्यक्ष श्री दिलमा राईज्यूको अध्यक्षतामा नर्थहल्ट, लन्डनमा राखिएको थियो । उक्त बैठकमा विशेष आगामी भोजपुरेहरूका निम्ति १६ अगष्ट २०१६ सालको वार्षिक भेला तथा गेट टुगेडरको निम्ति थियो भने भोजपुर सेवा समाज, बेलायतको अगुवाईमा भइरहेको बिरामी कुरुवा घर निर्माण तथा सञ्चालनको निम्ति कम्पनी प्रा.लि मा नै दर्ता गर्नु पर्ने आवश्यक ठानिएकोले उक्त विषयमा विस्तृत छलफल गरी दिर्घकालीन रुपमा सरकारीकरण नहोस् वा राज्यद्वारा कुनै किसिमले पनि हस्तक्षेप नगरियोस् भन्ने उद्देश्यले बेलैमा बुद्धि पुऱ्याउनु बुद्धिमानी हुन्छ भन्ने कुरालाई मध्ये नगर गरी यो निष्कर्षमा पुगी बैठकले निर्णय गरेको हो ( रोग लाग्नु भन्दा रोगको बाटे अघि नै छेक्नु उत्तम भने भैं) जसले गर्दा सम्पूर्ण शेयरदाताहरुका वैधानिक रुपमा आफ्नो नैसर्गिक हक अधिकार सुनिश्चित हुनेछ । उक्त कार्य समितिको बैठकले कम्पनीको नाम सिद्धकाली सरोकार कम्पनी प्रा.लि. खोल्ने र कम्पनीको

नाम सिद्धकाली सरोकार कम्पनी प्रा.लि. (Siddakali Sarokar Company Pvt. Ltd.) रहने गरी राख्ने समितिको बैठकले निर्णय गऱ्यो । यस कम्पनी अन्तर्गत अन्य धेरै किसिमको सेवा तथा प्रा.लि. तथा सम्पूर्ण भोजपुरेहरूको निम्ति फाइदाजनक कार्यक्रमहरू पनि गर्न सकिने छ भन्ने विषयमा अध्यक्ष तथा विरामी कुरुवा घर भोजपुरका संयोजक श्री दिलमान राईज्यूले उल्लेख गर्नु भयो भने यही कम्पनीको नाममा नै जग्गालाई दर्ता गरी धनीपूर्जा उतार्न सकिनेसमेत  निर्णय गरियो । कम्पनी प्रा.लि. दर्ताको निम्ति भोजपुर सेवा समाज बेलायतको तर्फबाट संस्थापक सदस्य समितिको निम्ति तत्कालिन अध्यक्ष श्री दिलमान राई, सल्लाहकार कृष्ण बहादुर राई, उपाध्यक्ष श्री सुदेश कुमार राई र सदस्य उमराज तामाङ्को नाम मनोनित गरिए तापनि नेपालमा कम्पनी प्रा.लि. दर्ता गर्ने समय र मितिमा कम्पनीको दर्ताको कार्यालय त्रिपुरेश्वर, काठमाडौं, नेपालमा उपस्थित हुन नसक्ने बाध्यता भएको कारणले गर्दा निज व्यक्तिहरूलाई जानकारी गराई वैकल्पिक रुपमा नेपालमा नै रहेका केही भोजपुरे समाज सेवी तथा बुद्धिजिवी व्यक्तित्वहरूलाई संस्थापक सदस्य समितिका निम्ति चयन गर्नुपर्ने आवश्यकता तथा वाध्यता रहेको हुँदा उक्त प्रक्रिया पूरा गर्नको निम्ति संयोजक श्री दिलमान राईज्यू को अध्यक्षतामा ५ सदस्यि समति चयन गरियो र निज व्यक्तिहरूका नाममा कागजान गरी आधिकारीक रूपमा कम्पनी प्रा.लि. को दर्ता प्रक्रिया पूरा गरियो । उक्त समितिमा निम्नसंस्थापक सदस्यहरू रहेका छन्:

१. श्री दिलमान राई - अध्यक्ष

२. श्री प्रेम कुमार वान्तवा (पूर्व सिडिओ) - सदस्य

३. श्री नरहरी राई - सदस्य

४.श्री यादव वान्तवा - सदस्य

५. श्री शोभा देवी तामाङ् - सदस्य (महिला)

यस संस्थापक समितिले संयोजक श्री दिलमान राई ज्यूका अगुवाईमा कम्पनी दर्ता मिति २०७३/३/३ गते तदनुसार १७ जुलाई २०१६ को दिनमा आधिकारिक रुपमा नेपालमा सिद्धकाली सरोकार कम्पनी प्रा.लि.दर्ता गरियो र दर्ता नं. १५१०५०-२०७२/७३) रहेको छ । त्यस पश्चात भोजपुर कुरुवा घर निर्माण तथा सञ्चालनको निम्ति अस्पताल समिपमा खरीद गरिएको २ रोपनी जग्गालाई सिद्धकाली सरोकार कम्पनी प्रा.लि.को नाममा पास गरी धनी पूर्जा समते  निकालिएको छ ।

उक्त जग्गा खरीद गर्नको निम्ति बेलायत तथा अन्य राष्ट्रमा रहेका तमाम भोजपुरेहरूले आफ्नो गृह जिलला प्रतिको माया अनि दीन दुःखी, गरिब र विपन्न वर्गहरूका निम्ति दया र माया गरीसामाजिक तथा धार्मिक सेवामा कतिबद्धता भई दिलो ज्यान दिने समेत

भोजपुरेहरूका चिनारी अनि विशेषता हुन् । हाम्रो भौतिक शरीर विदेशी भूमीमा भए ता पनि मन, मुटु र भिजन भने गृह जिल्ला भोजपुरमा नै रहेको यो योगदानले पुष्टि गर्दछ । आउनुहोस्, हामी सबै भोजपुरेहरू एक भई यस्ता दीन दु:खी, गरिब तथा विपन्न वर्गहरूको उठान गरौं अनि आफ्नो आत्मालाई शान्ति दिलाउ र आफ्नो भावी सन्ततिहरूलाई पनि मार्ग दर्शन गराउ पवित्र भावना र उच्च विचारले गरिएका धार्मिक तथा सामाजिक कार्यमा तथा आफ्नो पवित्र नामलाई मार्बल तथा ताम्रपत्रमा शिलान्यास गरी बिरामी कुरुवा घर भोजपुरको विशेष स्थानमा इतिहासको निम्ति राखिने जानकारी गराइनेछ । तपाइँ शेयर तथा चन्दादाताले अन्य थप रकम तथा सहयोग गर्न नपाउनु भएका बाँकी भोजपुरे महानुभावहरूले भोजपुरे सम्झी आर्थिक सहयोग गरी दिन समेत हार्दिक अनुरोध गर्दै शुभ कार्यला ढिलाई नगरी **"हामीले नगरे कसले गर्ने, अहिले नगरे कहिले गर्ने"** भन्ने सकारात्मक नाराका साथ मिलेर अघि बढौं भन्न चाहन्छु । यो ठूलो दिर्घकालिन बिचारले गरिएको ऐतिहासिक (Historical) कार्य हो जहाँ संसारको कुनै पनि मुलुकमा बिरामीहरूका कुरुवाहरु बस्ने आश्रित घर बनेका छैनन् । यहाँहरूको अग्रिम जानकारीको निम्ति तपाइँहरूको शेयर रकमको सुनिश्चितताको प्रत्याभूति यो सिद्धकाली सरोकार कम्पनी प्रा.लि. ले लिनेछ र कम्पनीको प्रा.लि. नियमानुसार हरेक वर्षको साधारण सभामा आय-व्यय प्रस्तुत पनि गरिने छ । तपाईंहरूको लगानी खेर नजाने र जुनसेवा र धर्मको भावनाले अगाडि बढिएता पनि तपाइँहरूको आफ्नो लगानीको भने सुनिश्चिताको प्रत्याभूति हुने जानकारी पनि गराउन चाहन्छु । यस कम्पनी प्रा.लि. दर्ता र जग्गालाई पास गर्नको लागि यस संस्थाका भूतपूर्व अध्यक्ष तथा वर्तमान सल्लाहकार तथा विरामी कुरुवा घर भोजपुरका संयोजक श्री दिलमान राईज्यूले अतुलनीय योगदान पुऱ्याउनु भएको पनि यहाँहरू समक्ष जानकारी गराउन चाहन्छु । उहाँको बोलीको प्रतिवद्धता सधैँ सत्य भएको र बोलीमा भन्दा कर्ममा बढी विश्वास पनि राख्नु हुने उहाँको बानी छ । र जुन बेला उहाँले लिएको जिम्मेवारी जो नेपालमा कम्पनी प्रा.लि. दर्ता प्रक्रिया र दर्ता भएको कम्पनी सिद्धकाली सरोकार कम्पनी प्रा.लि.मा बिरामी कुरुवा घरको निम्ति खरीद गरिएको जग्गालाई उक्त कम्पनीको नाममा पास गर्ने जस्ता गहन जिम्मेवारी समयमा नै पूरा गरी भोजपुर सेवा समाज, बेलायतको १६ अगस्ट २०१६ को वार्षिक भेला अगावै पठाउने कुराको प्रतिवद्धतालाई उहाँले भोजपुरे पार्टी हुनु अघि नै पूरा गर्नु भएको थियो र ती कुराहरूलाई भोजपुरे पार्टीमा प्रस्तुत गरी सारा भोजपुरेहरूलाई जानकारी दिन समेत सफल हुनु भएकोमा वर्तमान कार्य समिति लगयात बेलायतवासी भोजपुरेहरूका तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छौं ।

७. मिति ८ मे २०१६ आइतबारको दिन यस कार्य समितिको दोस्रो वर्षको तेस्रो तथा अन्तिम बैठकको दिन साधारण सदस्य श्री सन्तोष राईज्यूलाई कार्य समितिको सदस्यमा समेत मनोनित गरियो । र अहिले कार्य समितिमा गणपुरक संख्याको आवश्यकता पनि पूरा भएको छ ।

८. बैठकको अन्त्यमा, संस्थाका अध्यक्ष श्री दिलमान राईज्यूले आफ्नो व्यक्तिगत समस्याको कारणले गर्दा बेलायत छाडी केही निश्चित समयको निम्ति घुमफिर तथा अस्थाई रूपमा बेलायत बाहिर रहनु पर्ने बाध्यता भएकोले अध्यक्ष पदबाट बाध्यतावश राजिनामा दिनु भएको हो । उहाँको २ वर्षको कार्यकाल तथा दोस्रो वर्षको तेस्रो तथा अन्तिम बैठक सञ्चालन पछिको आधिकारिक राजिनामालाई बैठकमा उपस्थित सबै कार्य समितिका सदस्यहरूद्वारा स्वीकार गरी अनुमोदन गरियो । उक्त अध्यक्षको रिक्त पदमा उपाध्यक्ष श्री देवेन्द्र कुमार राईज्यूलाई नियुक्त गरियो भने सो बैठकमा नै पूर्व अध्यक्ष श्री दिलमान राईज्यूलाई सल्लाहकारमा मनोनित गरी आगामी वर्ष २०१७ सालको अधिवेशन पश्चात निज व्यक्तिलाई प्रमुख सललाहकारमा चयन गर्ने समेत बैठकले निर्णय गर्‍यो । उहाँको २ वर्षको अवधिमा धेरै राम्रा र उदाहरणीय कार्यहरू भएका छन्. जुन कुरालाई यो वर्षको अनि गत वर्षहरुका सांगठनिक कार्य प्रगति विवरणहरुमा हेर्न र पढ्न सकिन्छ । अझै पनि उहाँको काँध तथा नेतृत्वमा बिरामी कुरुवा घर रकम संकलन, निर्माण कार्य र पुन सञ्चालनको जिम्मा रहेको पनि जानकारी गराउन चाहन्छु । उहाँले सम्पूर्ण कार्य समिति तथा सल्लाहकार समितिहरूले गर्नु भएको सहयोगको प्रशंसा गर्दै हार्दिक धन्यवाद ज्ञापन समेत गर्नु भएको थियो ।

अन्त्यमा, सामूहिक अभियान बिरामी कुरुवा घर निर्माण तथा सञ्चालनको निम्ति सम्पूर्ण भोजपुरे महानुभावहरूलाई आर्थिक सहयोगको लागि हार्दिक अनुरोध गर्दै यस कुरुवा घर निर्माण तथा सञ्चालनसम्बन्धी बिरामी कुरुवा घर समितिले पूरा गर्नु पर्छ भन्ने प्रतिबद्धताका साथ विश्वास समेत दिलाउनु भएको थियो ।

९. भोजपुर जिल्ला तिम्मा गा.वि.स. बाट बोखिम गा.वि.स. मा बसोबास गर्ने हाल बेलायतको रिडिंगमा बसोबास गरिरहनु भएको भू.पू. गोर्खा श्री भिम बखत राईकी धर्मपत्नी श्रीमती चन्द्र कुमारी राईज्यू वर्ष ७० की नेपालबाट आउनु भएको ४५ दिन (२४ डिसेम्बर २०१५) मा असामयिक निधन भएको हुँदा मृतकको परिवारको लागि आर्थिक सहयोगको लागि यस कार्य समितिको दोस्रो बैठक २३ जनवरी २०१६ शनिवारको दिन बैठकमा उपस्थित सर्वसम्मतबाट पारित भई ५ जुन २०१६ शनिवारको दिन मृतकको श्रीमान् श्री भिम बखत राईज्यूलाई

£३४४.१६ (छ सय चवालिस पाउण्ड सोह्र पेन्स मात्र) यसै संस्थाका अध्यक्ष श्री देवेन्द्र राईज्यू, संस्थाका सल्लाहकार मेजर श्री मान बहादुर राईज्यू तथा पूर्व सल्लाहकार श्री पदम राईज्यूले हस्तान्तरण गरियो ।

१०. मिति १७ जुन २०१६ तदनुसार वि.सं. ३ असार २०७३ को दिन बेलायतमा बसोबास गर्ने सम्पूर्ण भोजपुरेहरूको अथक प्रयासले बिरामी कुरुवा घरको लागि किनिएको जग्गा कम्पनी प्रा.लि. दर्ता गर्नमा सफल भइयो । यस कम्पनी हाउसको नाम श्री सिद्धकाली सरोकार कम्पनी प्रा.लि. तथा दर्ता नम्बर १५१०५०/७२/०७३ (151050/72/073) हो । त्यसपछि कुरुवा घरको निम्ति खरीद गरिएको २ रोपनी जग्गालाई तत्कालै दर्ता भएको कम्पनी सिद्धकाली सरोकार कम्पनी प्रा.लि. मा पास गरी जग्गा धनी पूर्जा समेत निकाल्नको लागि यसै संस्थाका भूतपूर्व अध्यक्ष तथा वर्तमान सल्लाहकार श्री दिलमान राईज्यूले ठूलो योगदान दिनु भएको छ । नेपालमा गई उहाँले जुन जिम्मा लिनु भएको थियो, ती सबै प्रछिबद्धताहरू उहाँले समयमा नै पूरा गर्नुभयो । यसको लागि भोजपुर सेवा समाज, बेलायतका कार्य समिति लगायत बेलायतमा बसोबास गर्ने सम्पूर्ण भोजपुरेहरूको तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छौं ।

अध्यक्ष महोदय, अहिले सम्म मैले यस संस्थाले दोस्रो वर्षको एक वर्ष भरीको कार्यक्रमको जानकारीहरूको बारेमा वाचन गरे भने अबको हाम्रो भावी कार्यक्रमहरू यस प्रकार छन्:

भावी कार्यक्रमहरू:

१.पोहोर साल सम्ममा ५४ जनाले आजीवन सदस्यता र १२२ जना सदस्यहरूले तीन वर्षे सस्यता लिएका थिए भने यो वर्ष ५७ जनाले आजीवन सदस्यता र १३३ जना सदस्यहरूले तीन वर्षे सदस्यता लिइसकेको छ । बाँकीरहेका महानुभावहरूलाई संस्थाका विधान अनुसार सदस्यता लिई संस्थाबाट पाइने सुविधाहरू प्राप्त गर्न हार्दिक अनुरोध गरिन्छ । यस कार्यलाई तिव्र रुपमा अगाडि लाने योजना रहेको छ ।

२. बेलायतमा बिरामी कुरुवा घरको बैंक खातालाई बन्द गरेर श्री सिद्धकाली सरोकार कम्पनी प्रा.लि.को नाममा बैंक खाता खोल्ने

३. बेलायतमा जस्तै नेपालमा पनि बिरामी कुरुवा घरको लागि श्री सिद्धकाली सरोकार कम्पनी प्रा.लि.को नाममा भोजपुरमा बैंक खाता खोल्नु पर्छ जसले गर्दा आर्थिक आय व्ययको लागि सरल र सजिलो हुनेछ ।

४.भोजपुर बिरामी कुरवाको घरको भूकम्प राहितको नक्शा (Site Map) अक्टोबर अन्तिम २०१६ सम्म तयारी हुने साथै कति लागत लाग्ने भन्ने बारेमा पनि मोटामोटी थाह हुने ।

५. भोजपुर बिरामी कुरुवाको घरको शेयरको लागि कम्तिमा £२००/- (दुई सय पाउण्ड) र धेरैमा £४०००/- (चार हजार पाउण्ड) सम्म लगानी गर्न सकिने ।

६. भोजपुरमा बिरामी कुरुवा घरको लागि चाहिएमा आवश्यक अरु सदस्यहरू पनि थप गरिने छ ।

७. यस संस्थाको उद्देश्य अनुरुप सबै कार्य गरिने छ । अतिरिक्त भोजपुर बिरामी कुरुवा घर निर्माणको निम्ति रकम संकलन गरी निर्माण कार्य चाँडै गरिनेछ ।

८.सम्भव भए बि.सं. २०७४ सालको बैशाख महिना देखि भोजपुर बिरामी कुरुवा घरको निर्माण गरिने छ ।

९. यहाँ बेलायतमा झैं 'पार्क रन' तथा नेपालको धरानमा भएको 'धरान रन' जस्तै भोजपुर सदरमुकाममा पनि 'भोजपुर रन' को शुरुवात गरिनु पर्छ भनी सदस्य श्री सन्तोष राईज्यूले गते ८ मे २०१६ को बैठकमा प्रस्ताव राख्नु भएको थियो जसलाई बैठकमा उपस्थित सबैजनाले स्विकार्नु भएको थियो । यस 'भोजपुर रन' ले आजको युवाहरूमा भविष्यको बारेमा तथा स्वास्थ्य सम्बन्धी धेरै राम्रो ज्ञान हासिल गर्ने छन् । त्यसैले यस कार्यलाई निरन्तरता दिने यस कार्य समितिले अठोट लिइएको छ ।

अन्त्यमा, आदरणीय उपस्थित दाजुभाइ तथा दिदीबहिनीहरू एक वर्षको अवधिमा यस कार्य समितिले गरेका कार्य प्रगति विवरणहरू तथा भावी योजनाहरू बारे सुनिदिनु भएकोमा हार्दिक हार्दिक आभारका साथै धन्यवाद टक्र्याउन चाहन्छु । विदेशमा बसे पनि हामीले आफ्नो संस्कार-संस्कृतिका साथसाथै आफ्नो गाउँ, आफ्नो जिल्ला र आफ्नो देशको संरक्षण र विकासको निम्ति सधैँ एकजुट भएर हातमा हात साथमा साथ मिलाई काँधमा काँध जोडी हामी नेपाली आमाका एकै सन्तान तथा भोजपुरे हौ भनेर आफ्नो कर्तव्य पालन गर्नुपर्छ । यस संस्थालाई यहा ँसम्म पुऱ्याउनको निम्ति कार्य समितिका सदस्यहरूको मात्रै हात नभइ

सम्पूर्ण भोजपुर जिल्लाबासीहरूको ठूलो योगदान छ । हवस् त आगामी दिनहरूमा पनि हजुरहरूसँग यस्तै किसिमको सहयोगको अपेक्षा राख्दै फेरि पछि भेट्ने वाचा गर्दै आजलाई बिदा चाहन्छु ।

जय भोजपुर सेवा समाज, बेलायत ।

धन्यवाद ।

**श्रीमती बिमला कुमारी राई**

सचिव

भोजपुर सेवा समाज, बेलायत ।

Email: bwsuk@hotmail.com

Web: www.bhojpurwelfaresocietyuk.org

Facebook: www.facebook.com/bhojpurwelfaresociety